**आम्दा नेपाल**

**शिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना**

(सूचना नं. 0010009/AMDA/CO/208/81)

**<u>(प्रथम पटक प्रकाशित मितिः २०८१।०२।३१)</u>**

आम्दा नेपाल केन्द्रिय कार्यालय, काठमाण्डौं र यस अन्तर्गत सञ्चालित अस्पताल तथा परियोजनाहरुको प्रयोजनका लागी Comprehensive Accounting Software खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक आपूर्तिकर्ताहरुबाट यो सूचना (सूचना नं. 0010009/AMDA/CO/2080/81) प्रकाशित भएको मितिले तोकिएको मिति भित्र आम्दा नेपाल, केन्द्रिय कार्यालय, काठमाण्डौमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र आब्हान गरिएको छ ।

**<u>शर्तहरुः</u>**

१. ईच्छुक बोलपत्र/दरभाउपत्र खरिद कर्ताले बोलपत्र/दरभाउपत्र फारम खरिदका लागी रु. ५,००।०० (अक्षेरुपी रुपैया पाँच सय मात्र) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनी नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७९/८० सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी लिखित निवेदन दिई आम्दा नेपालको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलवन्दी बोलपत्र/दरभाउपत्र पेश गर्दा शिलवन्दी खामको बाहिर फर्म/कंपनीको नाम, ठेगाना, सम्पर्क टेलिफोन नंम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । शिलवन्दी खाममा आफुले आपुर्ति गर्न चाहेको सफ्टवयरको नाम, सूचना नम्बर र समुह प्रष्टसँग लेखिएको हुनुपर्नेछ । शिलबन्दी बोलपत्र/दरभाउपत्र फारामको प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा भरि बुझाउनु पर्नेछ ।

३. रितपूर्वकको शिलवन्दी बोलपत्र/दरभाउपत्र यो सूचना प्रकाशित भएको मिति र म्याद थपको मिति समेत गरि मिति २०८१।०३।१२ गते दिउँसो २:०० बजे भित्र आम्दा नेपाल केन्द्रीय कार्यालय जोरपाटीमा पेश गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ ।

४. बोलपत्र/दरभाउपत्रको साथमा आफूले कबोल गरेको कुल अनुमानित रकम रू. १७,५००/- बरावरको कम्तिमा ३० दिन सम्मका लागि मान्यहुने आम्दा नेपाल, केन्द्रिय कार्यालय, काठमाण्डौको नाममा जारी भएको बिडवण्ड (बैंक ग्यारेन्टी) संलग्न हुनुपर्ने छ । तोकिए वमोजिमको विडवण्ड समाबेश नगरी बोलपत्र/दरभाउपत्र पेश गरेमा संवन्धित फर्म/कंपनीलाई कालो सुचिमा राख्न सकिनेछ । आपुर्तिकर्ता (बोलपत्र/दरभाउपत्रदाता) छनौट भई सूचना जारी भएको सात दिन भित्र स्विकृत रकम भ्याट समेत स्वीकृत रकमको जम्मा ५ प्रतिशत (पाँच प्रतिशत) का दरले हुन आउने रकम बराबरको एक वर्ष मान्य हुने गरी आम्दा नेपालको नाममा जारी भएको परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) सहित आम्दा नेपालसँग संझौता गरिसक्नु पर्नेछ, अन्यथा विडवण्ड जफत हुनेछ ।

५. बोलपत्र/दरभाउपत्र फारम भर्दा जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सही छाप गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले सही छाप गरेको हुनुपर्नेछ । त्यस्तो नभएको पाइएमा बोलपत्र फारम रद्द गरिनेछ । नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शूल्कहरु दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्रदाता/दरभाउपत्र दाताले तोकिएको सामान आपूर्ति दिनु पर्ने स्थान, अवधि आदिको पूर्ण विवरण वुझी जानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपालले

दरभाउपत्र/बोलपत्रदाताले पेश गरेको उपकरणहरुको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिए वमोजिमको गुणस्तरीय उपकरणहरू आपूर्ति गर्न नसकेमा समेत परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) जफत हुनेछ ।

६. शिलबन्दी बोलपत्र/दरभाउपत्र पेश गर्दा प्राविधिक बोलपत्र/दरभाउपत्र संलग्न रहने शिलबन्दी खामका साथ अध्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०७९/८० सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि, आम्दा नेपालको नाममा जारी भएको कम्तिमा ३० दिनसम्म मान्य हुने बैंकबाट जारी बैंक ग्यारेण्टी, कम्पनीको तर्फबाट दस्तखत गर्ने अख्तियारी पत्र, कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभवपत्रको प्रमाणित प्रतिलिपि, स्वघोषणा पत्र, कम्पनी/उत्पादकले दिएको वस्तु/सेवा बिक्रेताको आधिकारिक पत्रको प्रतिलिपि, उपकरणहरूको पुर्ण विवरण सहितको क्याटलग संलग्न गर्नुपर्नेछ ।

७. अन्य शर्त तथा कार्यविवरण बोलपत्र/दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र/दरभाउपत्रमा संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपालले संशोधन गर्न सक्नेछ ।

८. शिलबन्दी बोलपत्र/दरभाउपत्रहरु मिति २०८१।०३।१२ गते दिउँसो ३:०० बजे बोलपत्र/दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपाल, केन्द्रिय कार्यालय, काठमाण्डौमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन सोही स्थानमा दिनको ११ बजे खोलिनेछ । बोलपत्र/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाउपत्र खोल्न वाधा पुग्ने छैन ।

९. रितपूर्वक प्राप्त नभएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. छनौट भएको बोलपत्र/दरभाउपत्रदाता अर्थात् आपूर्तिकर्ता र आम्दा नेपाल बिच संझौता सम्पन्न हुना साथ आम्दा नेपालले खरिद आदेश जारी गर्न सक्नेछ । आम्दा नेपालले जारी गरेको खरिद आदेश वमोजिम तोकिएको स्थानमा तोकिएको समय सिमा तोकिए वमोजिमको सफ्टवयर आपूर्तिकर्ताले पूर्णरुपमा जडान गर्न नसकेमा परफरमेन्स वोण्ड जफत गर्न सक्नेछ वा आम्दा नेपालले निर्धारण गर्ने जरिवाना बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ ।

११. आपूर्तिकर्ताले खरिद आदेशमा तोके वमोजिमको सफ्टवयर आपूर्ति नगरेको खण्डमा उपरोक्त काममा हुने समयको अनावश्यक खर्चको सोधभर्नाको लागि हरेक पटक बीस प्रतिशतका दरले जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना रकम नगद वा परफरमेन्स वोण्डबाट असुल उपर गर्न सकिनेछ ।

१२. आम्दा नेपालले तोकेको समयभित्र सफ्टवयर जडान गर्न नसकेमा आम्दा नेपालले अन्य पक्षसँग उक्त सफ्टवयर खरिद गर्न सक्नेछ । आम्दा नेपालले अन्य आपूर्तिकर्ताबाट खरिद गरेको सफ्टवयरको सम्पूर्ण मूल्यको जरिवाना वा बैंक ग्यारेन्टी (परफरमेन्स वोण्ड) जफत गरि आपूर्तिकर्तासँग भएको संझौता भङ्ग गर्न सक्नेछ ।

१३. आम्दा नेपालले जारी गरेको खरिद आदेश वमोजिमको सफ्टवयर तोकिएको स्थानमा जडान गरिसके पश्चात् समेत सोको परिक्षण पछि मात्र नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१४. आपूर्तिकर्ताले संझौता वदर गर्न चाहेमा कम्तिमा तीन महिना अगावै लिखित सुचना दिनुपर्नेछ अन्यथा आम्दा नेपालले परफरमेन्स वोन्ड जफत गर्नेछ । संझौता बदरको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा सुरक्षित रहनेछ ।

१५. संझौता सम्पन्न गर्दा तोकिएको सफ्टवयरको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग, दरभाउपत्र/बोलपत्र साथ पेश गरे वमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

१६. संझौता सम्पन्न भई खरिद गरिने सफ्टवयर लाईसेन्स पुर्ण रुपमा जडान भए पश्चात एक पटकका लागि मात्र भुक्तानी गरिनेछ ।

१७. संझौता सम्पन्न भई जडान भएको सफ्टवयरको TOR मा उल्लेख गरे बमोजिम पहिलो बर्षका लागि मर्मत संभार निःशुल्क गर्नुपर्नेछ । पहिलो बर्षको अवधि समाप्त भए पश्चात बार्षिक रूपमा मर्मत संभार वापत भुक्तानी गर्नुपर्ने भएमा प्रत्येक बर्ष आपसी समझदारीमा छुट्टै संझौता गरिनेछ । बार्षिक मर्मत संभार संझौता अन्तर्गत Customization, Phone/onsite visit support, Periodic refresher training (at least twice a year), Bug fixing/error fixing, Periodical free version upgrades गर्नुपर्नेछ ।

१८. आपुर्तिकर्ताले प्रश्ताव गर्ने सफ्टवयरको प्रयोग कर्तालाई आवश्यक परेको बखत TOR मा उल्लेख गरे बमोजिम निःशुल्क तालिम दिनुपर्नेछ ।

१९. दरभाउपत्र/बोलपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्ण रुपमा आम्दा नेपालमा सुरक्षित रहनेछ ।

बोलपत्र/दरभाउपत्र संवन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**<u>सम्पर्क राख्ने ठेगाना</u>**

कार्यालयको नामः आम्दा नेपाल, केन्द्रिय कार्यालय

ठेगानाः गोकर्णेश्वर-६, जोरपाटी, काठमाण्डौ ।

फोन नं. ०१-४९१०२३५, ४९११४१

ईमेल ठेगानाः amda@amda.org.np

आम्दा नेपालको उपरोक्त सूचना वमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु /गर्दछौं ।

संस्थापक वा आधिकारीक पदाधिकारीको नामः .....................................................................

हस्ताक्षरः .......................................................................

मितिः .............................

फर्म/कंपनीको छापः